# गोरखापत्र दैनिकमा प्रकाशित

## काठमाडौं महानगरपालिका

शहरी स्वास्थ्य महाशाखा

## काठमाडौं महानगरका स्वास्थ्य संस्थाहरू दर्ता, नवीकरण र सञ्चालन अनुमति लिनेबारेको सूचना

**सूचना प्रकाशित मिति : २०७७।०६।२४**

काठमाडौं महानगरपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण तथा स्तरोन्नति सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ अनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र १५ बेडसम्मको अस्पताल, पोलिक्लिनिक, क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सासँग सम्बन्धित १० बेडसम्मको अस्पताल, पोलिक्लिनिक, क्लिनिकहरू र डाइग्नोष्टिक सेन्टरहरू काठमाडौं महानगरपालिकाबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइने हुँदा दर्ता, नवीकरण तथा स्तरोन्नतिका लागि कार्यविधिको अनुसूचीमा व्यवस्था भएबमोजिमका फाराम भरी आवश्यक कागजातसहित काठमाडौं महानगरपालिकाको शहरी स्वास्थ्य महाशाखा राष्ट्रिय सभागृहमा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।

**पुनश्च:** उल्लेखित कार्यविधि महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा सूचना तथा जानकारी स्तम्भअन्तर्गत ऐन, कानून र निर्देशिकाबाट डाउनलोड गर्न सकिनेछ ।

**थप जानकारीका लागि:**

**सम्पर्क नम्बर : ९८५७८२३४८२ र ९८५११९८५८९**